## कार्यापालिका बैठक संख्या ३८ का निर्णहरु :

**निर्णय नं. १ :**

नगर कार्यपालिकाको कार्यालयबाट तयार गरी विधायन समितिमा छलफल गरी पेश भएको खैरहनी नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ पारीत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस नगरपालिकाको विभिन्न वडामा सञ्चालीत तपसिल बमोजिमका योजनाहरुमा तपसिल बमोजिमको बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (क) | मुसहर सामुदायीक वस्ती निर्माण वडा नं. १० | रु.१९,००,०००।- |
| (ख) | सिचाई कार्यालयको परिसरमा ३ कोठे भवन निर्माण वडा नं. ६ | रु.१०,००,०००।- |
| (ग) | वडा नं. ६ मा सार्वजनिक शौचालय निर्माण | रु.५,००,०००।- |
| (घ) | वडा नं. १० को वडा कार्यालय मर्मत संभारको लागि | रु.३,३०,०००।- |
| (ङ) | वडा नं. १२ को वडा कार्यालय मर्मत संभारको लागि | रु.४,४०,०००।- |
| (च) | आदिवासी जनजाती महासंघ नगर समन्वय समितिलाई कार्यत्रलम सञ्चालन गर्न | रुं २,००,०००।- |
| (छ) | वडा नं. २ को कम्पाउण्ड वाल निर्माण | रुं ५,००,०००।- |

**निर्णय नं. ३ :**

विभिन्न मितिमा विभिन्न बिशेष कोष तथा मौज्दात रकमबाट भएका तपसिल बमोजिमका खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

(क) मुसहर सामुदायीक वस्ती निर्माणको लागि मौज्दात रकमबाट भुक्तानी भएको रु.१५,०५,४९५।-

(ख) वडा नं. १ मा रसौली ब्यारेको प्राविधिक सहयोगमा सञ्चालन गरिएको विपद जोखिम न्यूनिकरण सम्बन्धी तालीमको विपद व्यावस्थापन कोषबाट भएको खर्च भुक्तानी रु.४३,८४८।-

(ग) सुल्तनी प्रा.वि.को पुराना सामान मजुईसम्म ढुवानी गर्दा लागेको ढुवानी भाडा ममर्त संभार कोषबाट भएको खर्च रकम रु.१५,३००।-

(घ) वडा नं. २ जनजीवन मा.वि.मा फूलविरुवा तथा वृक्षारोपणको लागि गत वर्षमा नै वातावरण तथा विपद् व्यवस्थापन समितिले निणय गरी बिनियोजन भए अनुसार वातावरण तथा विपद् व्यवस्थापन कोषबाट भएको खर्च रकम रु.१,००,०००।-

(ङ) वडा नं. ५ को गौचरनको DPR तयारीको रकम मौज्दात रकमबाट WRC ईन्जिनियरीङ्ग लाई भुक्तानी भएको रु.१,८१,३४०।-

(च) नगरपालिकाको डिजिटटल नगर प्रोफाईल तयारीको लागि जिम्मा पाएको निरा कन्सल्टीङ्ग ग्रुप प्रा.ली.ले अन्तिम प्रतिवेदन पेश गरी सकेकोले सो प्रतिवेदनलाई अनुमोदन गर्दै उक्त संस्थालाई मौज्दात रकमबाट भुक्तानी भएको रकम रु.३,५५,७३४।-

**निर्णय नं. ४ :**

नगरपालिकाबाट जारी शिक्षा नियमावलीमा सामुदायीक विद्यालयमा लेखा परीक्षक तोक्दा कार्यापालिकाबाट निर्णय भए अनुसार तोक्ने व्यवस्था भएको र कार्यापालिकाको बैठक बस्न लामो समय लाग्ने, लेखापरीक्षकको सिफारिश गर्ने सामान्य कामको लागि पनि कार्यापालिकाको बैठकमा नै प्रस्ताव लैजानु पर्दा समयमा कार्य सम्पादनमा समस्या भएकोले शिक्षा नियमावली अनुसार विद्यालयमा लेखा परीक्षकको सिफारिशको निर्णय गर्ने यस कार्यपालिकाको अधिकार नगर प्रमुखलाई प्रत्योजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

यस चालु आर्थिक वर्ष २०७६/०७७ को प्रथम चौमासीकको आर्थिक प्रतिवेदन नगर कार्यपालिकाको कार्यालयबाट प्रस्तुत भई भयो । सो सम्बन्धमा छलफल भई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

पाचौं नगरसभाबाट पारीत भएका तर विभिन्न कारणबाट कार्यान्वयन गर्न नसकिने योजनाहरुलाई छैटौ नगरसभाबाट संशोधन गरी कार्यान्वयनमा लैजानु पर्ने भएकोले यही २०७६ पौष २५ गते भित्र प्रत्येक वडाले आ-आफ्ना वडाको त्यस्ता किसिमका संशोधन गर्नु पर्ने योजनाहरुको विवरण सहीत कार्यान्वयन हुन नसक्नाको कारण सहीत साविक योजनामा बिनियोजन भएको रकम र संशोधित योजनामा बिनियोजन गर्ने रकम समेत उल्लेख गरी वडा समितिको बैठकबाट निर्णय गरी वडाको सिफारीश सहीत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

यस चालु आर्थिक वर्ष २०७६/०७७ को लागि पाचौं नगरसभाबाट स्वीकृत कार्यक्रममा नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने विपन्न परिवारको पहिचान गरी उनीहरुको घरको खरको छाना विस्थापन गरी जस्तापाताको छाना लगाउने कार्यक्रमलाई कार्यान्वयन गर्नको लागि नगर कार्यपालिकाको कार्यालयबाट त्यस्ता परिवारको विवरण माग भइ सकेकोले आजका मितिले १ हप्ता भित्र आ-आफ्ना वडाका घरको खरको छाना भएका विपन्न परिवारको विवरण उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

संघीय सरकारको राष्ट्रिय युवा परिषद्द्धारा जारी भएको युवा क्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५ अनुसार यस नगरपलिकामा सोही कार्यविधि बमोजिम युवा क्लब, नगरस्तरीय सञ्जाल गठन गरी कार्यक्रम सञ्चालन गर्ने गरी नगर प्रमुखबाट मिति२०७६/८/१८ मा भएको निर्णयलाई अनुमोदन गर्दै नगरपालिकाका सो संग सम्बन्धित कार्यक्रम सोही कार्यविधिको अधिनमा रही सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

कार्यपालिका अन्तरगतको विधेयक समितिको संयोजकको पद रिक्त रहेकोले सो पदमा नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली २०७४ को नियम १५ को उपनियम (२) बमोजिम वडा नं. ४ का वडा अध्यक्ष श्री देब बहादुर बस्नेतलाई मनोनयन गर्नुको साथै सोही उपनियम बमोजिम वडा नं. ५ का वडा अध्यक्ष श्री प्रतिमा कार्किलाई कार्यपालिका अन्तरगतको वातावरण तथा पिवद् व्यवस्थापन समितिको सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :**

नगरपालिकाद्धारा सञ्चालीत सबै किसिमका योजनाहरुको अनुगमन गर्न गठीत अनुगमन तथा सुपरीवेक्षण समितिमा सम्बन्धित वडाका वडा अध्यक्ष पदेन सदस्य रहने गरी समितिको सदस्य संख्या वृद्धि गरी ५ सदस्यीय बनाउने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तरगत गत आ.व. २०७५/०७६ को चैत्र - बैशाखमा लिईएको तथ्याङ्क अनुसार आवेदन दिने तपसिल बमोजिमका वडाका तपसिल बमोजिमको संख्यामा बेरोजगार व्याक्तिहरुलाई सूचिकृत गर्ने निर्णय गरियो ।

तपसिल :

| वडा नं. | बेरोजर व्यक्तिको विवरण | | | कैफियत |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | |
| १ | १०२ | ५३ | १५५ | |
| २ | ५० | २३ | ७३ | |
| ३ | ११० | ५४ | १६४ | |
| ४ | ४७ | १२ | ५९ | |
| ५ | ४८ | २१ | ६९ | |
| ६ | १६ | १५ | ३१ | |
| ७ | १५ | ५ | २० | |
| ८ | ११ | ८ | १९ | |
| ९ | ३० | १२ | ४२ | |
| १० | ५२ | ४६ | ९८ | |

| | | | | |
|---|---|---|---|---|
| ११ | ५ | २३ | २८ | |
| १२ | ३५ | २९ | ६४ | |
| १३ | ५१ | ३० | ८१ | |
| जम्मा | ५७२ | ३३१ | ९०३ | |

**निर्णय नं. १२ :**

गत आ.व. २०७५/०७६ मा योजना सम्झौता भई सो आर्थिक वर्ष भित्र सम्पन्न हुन नसकी म्याद थप भई क्रमागत योजनाको रुपमा रहेका तपसिल बमोजिमका योजनाहरुलाई यस चालु आ.व. २०७६/०७७ को शुरुमा बैङ्क मौज्दात रहेको रकम (भैपरी आउने पुँजीगत) बाट भुक्तानी भएकोमा सो रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | योजनाको नाम | भुक्तानी रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | जय भगवती निर्माण सेवा वडा नं.१३ को बाटो कालोपत्रे | रु २०,३६,१६०/५६ | |
| २ | लेकाली चोकदेखि सावी गुरुडको घरसम्म बाटो निर्माण उ .स. वडा ४ | रु २,५१,९४७/– | |
| ३ | माधव घिमीरेको घरदेखी रामहरी खकुरालको घरसम्म कालोपत्रे उ .स. वडा नं.१ | रु ४,९८,३०६/– | |
| ४ | वडा नं. २ को खाल्टा खुल्टी पुर्ने काम गत आ.व.को वडाको मर्मत संभार कोषको रकम मध्येबाट | रु ४७,८९०/– | |
| ५ | वडा नं. ६ तुलसीपुर हुँदै राजमार्ग जोड्ने कालोपत्रे निर्माण उ.स. | रु १,५०,०००/– | |
| ६ | योगेश्वर कन्स्ट्रक्सन प्रा.लि. सडक वोर्डको रकमबाट भुक्तानी गरी वाँकी रकम भुक्तानी | रु १,१२,९२१/०६ | |
| ७ | स्काइलाइन विल्डर्स प्रा.लि. | रु ७,४,५८१८/– | |
| ८ | वडा नं. १ को सुन्दर खानेपानी निर्माण उ.स. | रु १,१८,८०४ /– | |
| ९ | वडा नं. ६ को लाली गुरास टोल सुधार समिती | रु ३५,८४,३९२/– | |
| १० | प्रशंसा कन्स्ट्रक्सन | रु १९,१३,८२२/– | |
| ११ | डि एण्ड वि कन्स्टक्सन माटो परिक्षण तथा भवन मर्मत | रु १,४७,५५६/– | |
| १२ | रुचि कन्स्टक्सन वडा नं. ४ को शिवालयचोक देखि हेल्थपोष्टसम्म बाटो नि उ स | रु ४,६४,६४७/– | |

**निर्णय नं. १३ :**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७६।७७ को लागि विभिन्न वडाहरुबाट प्राप्त भएका निम्नानुसारका कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुलाई स्वीकृत गर्ने निर्णय गरीयो ।

| वडा नं. | | आयोजनाको नाम | आयोजनाको अनुमानित लागत (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | क | सुन्दर खानेपानीको पाईप लाईन विस्तार | १,०००,००० | |
| | ख | हेटौडा पम्पदेखि दक्षिण उज्वल पोल्ट्रीफर्म सम्मको बाटो मर्मत | १,०००,००० | |
| २ | क | कुलो लाईनिङ्ग तथा मेशिनरी वाल निर्माण (रामखोला कुलाको मुहान देखि लदरा खोला सम्म) | ६००,००० | |

| | | | | |
|---|---|---|---|---|
| | | | २००,००० | |
| ३ | क | धारापानी लदरा २ जल उपभोक्ता संस्था अन्तरगतको कुलो सफा गर्ने | २००,००० | |
| | ख | क्याम्पाचौरको खेल मैदान सम्याउने | ३००,००० | |
| | ग | दुधकोशी खोलाको तटबन्धन | २००,००० | |
| | घ | धुसरी सिचाई कुलो सफाई गर्ने | १,०००,००० | |
| ४ | क | कंकाली मुलकुलो लाईनिङ्ग | १,०००,००० | |
| ५ | क | तटबन्धन, वन फडानी तथा वृक्षारोपण आयोजना (पचरती टोल) | १,०००,००० | |
| | ख | तारबार तथा वन सरसफाई (सलौली, बुढौली वन उपभोक्ता समिति) | १,०००,००० | |
| ६ | क | सिंचाईका लागि कुलो तथा पैनी निर्माण | ५००,००० | |
| ७ | क | सिंचाईका लागि कुलो तथा पैनी निर्माण | १,०००,००० | |
| ८ | क | खै.न.पा.८ का विभिन्न टोलमा रहेका नाला सरसफाई र नाला बनाउने कार्य | १,०००,००० | |
| ९ | क | रा.आ.विद्यालय बस्यौली र आधारभुत विद्यालय बैरहनीको अधुरो कम्पाउण्ड वाल निर्माण | ५००,००० | |
| १० | क | राप्ति नगरपालिकाको सिमाना देखि शान्ति बजार हुँदै खै.न.पा. ७ को सिमाना देखि बढगाउँ हुँदै सोहनपुरसम्म वृक्षरोपण गर्ने | ५००,००० | |
| | ख | जनकल्याण कुलो ग मर्मत र सरसफाई गर्ने | ४००,००० | |
| ११ | क | खानेपानी पाईप लाईन विस्तार (वडा भरी) | १५०,००० | |
| | ख | पिच रोडको दुबै तर्फ वृक्षारोपण (पिच भएको ठाउँहरु सबै) | १००,००० | |
| | ग | वातावरण सरसफाई (वडा भरी) | २००,००० | |
| | घ | कुलो मर्मत संभार (जनकल्याण, जनशक्ती कुलोमा) | १५०,००० | |
| | ङ | सार्वजनिक शौचालय र सिमेन्टको कुर्सी निर्माण (कुचकुचे वनको सामुदायीक भवनमा) | १,०००,००० | |
| १२ | क | खै.न.पा.१२ भित्र रहेको कुलो सरसफाई, उम्राहा घोलमा तटबन्धन, दरैबोटे ताल सरसफाई, सामुदायिक वनमा पोखरी निर्माण, विद्यालयमा पुर्वाधार निर्माण (कुमरोज, जनकपुर, सिसनी कपिया) | ९३०,००० | |
| १३ | क | विद्यालय सरसफाई तथा वृक्षरोपण क्यारी निर्माण (हर्नरी, गवै, धर्मपुर) | ४५०,००० | |
| | ख | सार्वजनिक शौचालय निर्माण (गवै) | १,०००,००० | |
| | ग | नहर, कुलो ममर्त सम्भार तथा सफाई (सिम्रहनी, गर्व, हर्नरी) | १५,३८०,०००।- | |
| | | जम्मा | | |

**निर्णय नं. १४ :**

यस नगरपालिकाको डिजिटल नगर प्रोफाईल तयार गर्न श्री निरा कन्सल्टीङ् ग्रुप प्रा.ली. ललितपुरलाई जिम्मा दिईएकोमा उक्त संस्थाले नगर प्रोफाईल तयारीको सिलसिलामा प्रस्तुतीकरण गर्नु पर्ने कार्यमा कार्यपालिकाका सबै प्रतिनिधिको सहभागितामा प्रस्तुतीकरण कार्य गरेको र सो समयमा दिईएका सुझावहरुलाई समेटी अन्तिम प्रतिवेदन पेश गरेकोले नगर प्रमुखबाट पछि कार्यपालिकाबाट अनुमोदन गर्ने गरी मिति २०७६/८/२० मा भएको निर्णयलाई अनुमोदन गरी उक्त नगर प्रोफाईललाई पारीत गर्ने निर्णय गरियो ।